राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १६२ | २०८२ फाल्गुन १३ गते बुधवार | (Wednesday, 25 Feb., 2026) | पृष्ठ ४ | मूल्य रु. ५

### प्रदेशको अधिकारमा नयाँ नजीर

# प्रदेशका डीएफओलाई वनसम्बन्धी मुद्दा हेर्ने अधिकार



**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, फाल्गुन १२ गते ।*

प्रदेश सरकार मातहतका डिभिजनल वन अधिकृत (डीएफओ) ले अब वनसम्बन्धी मुद्दा कारबाही तथा किनारा गर्न पाउने भएका छन् । वन ऐन, २०७६ अन्तर्गत एक वर्षसम्म कैद सजाय हुन सक्ने प्रकृतिका मुद्दा हेर्ने अधिकार प्रदेशका डीएफओलाई पनि हुने ठहर गर्दै सर्वोच्च अदालतले ऐनका केही शब्दावली बदर गरेको हो ।

मधेश प्रदेश सरकारका तत्कालीन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका कर्मचारी बेचनकुमार महतोले करिब सात वर्षअघि दायर गरेको रिट निवेदनमा सर्वोच्च अदालतका प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत तथा न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, तिलप्रसाद श्रेष्ठ र विनोद शर्माको संयुक्त इजलासले यस्तो फैसला सुनाएको हो ।

रिटमा वन ऐन, २०७६ ले वनसम्बन्धी मुद्दा हेर्ने अधिकार 'नेपाल सरकारका वन अधिकृत'मा मात्र सीमित गरेर प्रदेशको संवैधानिक अधिकार संकुचित गरिएको जिकिर गरिएको थियो । सो प्रावधान खुकुलो बनाउन माग गरिएको उक्त रिटमा अदालतले ऐनको दफा २ को खण्ड (ज) मा रहेको 'प्रचलित कानून बमोजिम नेपाल सरकारले खटाएको' भन्ने वाक्यांश तथा दफा ६७ को उपदफा (१) मा रहेको 'नेपाल सरकारको' भन्ने शब्द संविधानसँग बाझिएको ठहर गरेको छ ।

अदालतले संविधानको धारा १३३ (१) बमोजिम ती शब्दावली अमान्य र बदर गर्दै सम्बन्धित निकायलाई सोअनुसार कार्यान्वयन गर्न आदेश दिएको छ । यससँगै सम्बन्धित प्रदेश सरकारको कार्यकारिणी संरचनाअन्तर्गत खटिएका डीएफओले वन ऐन, २०७६ बमोजिमका मुद्दाहरू कारबाही तथा किनारा गर्न सक्ने कानुनी बाटो खुलेको छ । यस निर्णयले सातै प्रदेशका डीएफओलाई वनसम्बन्धी मुद्दा हेर्ने संवैधानिक अधिकार सुनिश्चित गरेको छ ।

अर्कोतर्फ, सागरनाथ वनको स्वामित्वसम्बन्धी दायर गरिएको रिट निवेदन भने अदालतले खारेज गरेको छ । यद्यपि, रिट खारेज भए पनि अदालतले संघीय सरकारलाई महत्वपूर्ण निर्देशन दिएको छ ।

फैसलाको अन्तिम भागमा संघीय सरकारले संविधानका धाराबीच एकरूपता र सामञ्जस्यता कायम गर्दै अनुसूची-५ को क्रमसंख्या २७ अन्तर्गतको अधिकार प्रयोग गर्दा प्रदेशको संवैधानिक अधिकारमा संकुचन नहुने सुनिश्चित गर्नुपर्ने उल्लेख छ ।

साथै संविधानको धारा २३२ मा उल्लेखित सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तअनुसार प्रदेशभित्रको राष्ट्रिय वन व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा यथाशीघ्र 'राष्ट्रिय वन नीति' जारी गर्न आदेश

- *बाँकी पृष्ठ ३ मा*

# दुर्गा प्रसाईंलाई रिहा गर्न आदेश



**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, फाल्गुन १२ गते ।*

सर्वोच्च अदालतले व्यवसायी दुर्गा प्रसाद प्रसाईंलाई रिहा गर्न आदेश दिएको छ । न्यायाधीशद्वय डा. मनोजकुमार शर्मा र मेघराज पोखरेलको संयुक्त इजलासले प्रसाईंको हकमा परेको बन्दीप्रत्यक्षीकरणको रिटमाथि सुनुवाइ गर्दै उनलाई थुनामुक्त गर्न आदेश दिएको हो ।

अदालतले देखाएको पहिलो आधारमा व्यक्तिगत स्वतन्त्रताको हकलाई मुख्य आधार बनाएको छ । नेपालको संविधानको धारा १७ र २० ले प्रत्याभूत गरेको व्यक्तिगत स्वतन्त्रताको हकलाई मुख्य आधार मानिएको छ । पर्याप्त कानुनी आधारबिना कसैलाई पनि थुनामा राख्न नमिल्ने अदालतको ठहर छ ।

दोस्रो आधारमा अदालतले कुनैपनि व्यक्तिलाई थुनामा राख्नका लागि औचित्य पुष्टि हुनुपर्छ भनेको छ । प्रसाईंविरुद्ध लगाइएका आरोपहरू (अफवाह फैलाएको, सार्वजनिक शान्ति भंग गरेको आदि) को अनुसन्धानका लागि उनलाई थुनामै राखेर कारबाही अगाडि बढाउनुपर्ने अपरिहार्यता नदेखिएको फैसलामा उल्लेख छ ।

तेस्रो आधारमा थुनामा राख्नुपर्ने गम्भीर खतरा नदेखिएको आदे

- *बाँकी पृष्ठ ३ मा*

# निर्वाचनमा तीन दिन सार्वजनिक बिदा

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, फाल्गुन १२ गते ।*

सरकारले फागुन २१ गतेको आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै तीन दिन सार्वजनिक बिदा दिएको छ ।

मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले फागुन २०, २१ र २२ गतेलाई सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

यसअघि निर्वाचन आयोगले पनि आसन्न प्रतिनिधिसभा सदस्य पदको निर्वाचनलाई लक्षित गरेर सार्वजनिक बिदा दिन सरकारलाई सिफारिस गरेको थियो ।

**निर्वाचनलाई वातावरणमैत्री बनाऔं**

- सभा, जुलुस, ऱ्याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं ।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलस वा ऱ्यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं।
- निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं।

हरित निर्वाचन अभियानलाई सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जनमत पार्टीका उम्मेदवार नेकपा प्रवेश

**द पब्लिक टुडे समाचारदाता**

*सिरहा, फाल्गुन १२ गते ।*

जनमत पार्टीका समानुपातिक उम्मेदवार हरेराम दनुवार नेपाली कम्युनिस्ट पार्टी (नेकपा) मा प्रवेश गरेका छन् । कर्जन्हा नगरपालिका-८ का अध्यक्षसमेत रहेका दनुवार मंगलबार आयोजित एक कार्यक्रमबीच नेकपामा औपचारिक रूपमा प्रवेश गरेका हुन् ।



उक्त कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य एवं सिरहा क्षेत्र नं. ४ का प्रत्यक्षतर्फका उम्मेदवार अजयशंकर नायक, नेता रामचन्द्र ठाकुर र प्रकाश अधिकारीलगायतले दनुवारलाई पार्टीमा स्वागत गरेका थिए । दनुवारले सिराहा क्षेत्र नं. ४ मा नेकपाका उम्मेदवार नायकलाई विजयी बनाउन आफूले पार्टी प्रवेश गरेको स्पष्ट पारे । विकास, स्थायित्व र राजनीतिक सहकार्यलाई प्राथमिकतामा राख्दै आफूले निर्णय लिएको उनले उल्लेख गरे ।

उनले स्थानीय तहदेखि संघीय निर्वाचनसम्म साझा लक्ष्यका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै क्षेत्रको समग्र विकासका लागि सबै शक्तिहरू एकजुट हुनुपर्नेमा जोड दिए ।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
- सन्त 'व्यथित'

# सार्वजनिक शिक्षा सङ्कटमा : बढ्दो बजेट, घट्दो भरोसा

चिन्तामणि रिजाल

*विचार*

चालू आर्थिक वर्ष २०८२/८३ मा १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको कुल राष्ट्रिय बजेटमध्ये शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रमा २ खर्ब ११ अर्ब १६ करोड ६९ लाख रुपैयाँ विनियोजन गरिएको छ, जुन कुल बजेटको १०.७५ प्रतिशत हो । अङ्कका हिसाबले यो रकम ठूलो देखिन्छ । तर मूल प्रश्न के हो भने यस बजेटले सार्वजनिक शिक्षाको गुणस्तर, पहुँच र सामाजिक भरोसामा कस्तो प्रभाव पारेको छ ? विडम्बना के छ भने शिक्षा बजेट बर्सेनि बढ्दै गएको छ, तर सार्वजनिक विद्यालयप्रतिको भरोसा निरन्तर खस्कँदै गएको छ । यही विरोधाभास आज नेपालको सार्वजनिक शिक्षा बहसको मूल केन्द्र बनेको छ ।

विद्यालय शिक्षामा खर्च हुने बजेटको ठूलो हिस्सा स्थानीय तहबाट कार्यान्वयन हुने संरचनाअनुसार शिक्षा बजेटको ६८.९९ प्रतिशत स्थानीय तहमा, २.३३ प्रतिशत प्रदेश तहमा र बाँकी २८.६८ प्रतिशत सङ्घीय तहमा विनियोजन गरिएको छ । सङ्घीयताको मर्मअनुसार यो संरचना सिद्धान्तमा उचित देखिए पनि व्यवहारमा अपेक्षाअनुरूप प्रभाव परेको छैन ।

स्थानीय तहमा हस्तान्तरण भएको रकमको अवस्था हेर्दा शिक्षा क्षेत्रको वास्तविक चुनौती प्रस्ट हुन्छ । स्थानीय तहका लागि विनियोजन गरिएको जम्मा एक खर्ब ४५ अर्ब ६७ करोड ८८ लाख रुपैयाँमध्ये एक खर्ब १४ अर्ब ६६ करोड १० लाख ७४ हजार रुपैयाँ शिक्षक तथा कर्मचारीको तलब-भत्तामा खर्च हुन्छ, जुन स्थानीय तहको कुल शिक्षा बजेटको ७८.७१ प्रतिशत हो । यसमा दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति, सञ्चालन खर्च, निःशुल्क स्यानिटरी प्याड र द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रमजस्ता अनिवार्य दायित्व थपिँदा स्थानीय तहको झन्डै ९२ प्रतिशत बजेट बाध्यात्मक खर्चमै सीमित हुन्छ । परिणामतः भौतिक पूर्वाधार सुधार, सिकाइ प्रविधि विस्तार, शिक्षक पेसागत विकास र गुणस्तर सुधारका लागि प्रयोग गर्न सकिने बजेट केवल ८ प्रतिशत बाँकी रहन्छ । यस्तो संरचनाले सार्वजनिक शिक्षामा गुणात्मक सुधारको अपेक्षा कठिन बनाउँछ ।

नेपालको सार्वजनिक शिक्षा प्रणाली केवल विद्यालय र पाठ्यपुस्तकको विषय होइन । यो राज्यको प्रतिबद्धता, सामाजिक न्याय र भविष्य निर्माणसँग गाँसिएको आधारभूत प्रश्न हो । संविधानले शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ र 'सबैका लागि गुणस्तरीय शिक्षा' सरकारी नीतिको स्थायी नारा बनेको छ ।

तर यिनै घोषणाबीच सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास कमजोर हुँदै गएको यथार्थ लुकाउन सकिँदैन । विद्यार्थी सङ्ख्या घट्दै गएको छ, कतिपय विद्यालय अस्तित्वकै सङ्घर्षमा छन् र निजी विद्यालयको तीव्र विस्तारले सार्वजनिक शिक्षाको सामाजिक छविलाई कमजोर बनाएको छ । यसले शिक्षा

*- बाँकी पृष्ठ ३ मा*

## सम्पादकिय.............

# निर्वाचनको महत्व

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनको मिति नजिकिँदै जाँदा देश चुनावी माहोलले तातेको छ । गाउँवस्ती,चोकचौराहा र सामाजिक सञ्जाल सबै ठाउँमा बहस चुनावकै वरिपरि घुमिरहेको छ । यस्तो संवेदनशील घडीमा 'निर्वाचन हुन्छ कि हुँदैन?' भन्ने हल्ला फैलाउनु केवल गैरजिम्मेवार व्यवहार मात्र होइन,लोकतान्त्रिक संस्कारमाथिको ठाडो प्रहार भएको भन्न सकिन्छ ।

निर्वाचन लोकतन्त्रको मूल आत्मा हो । जनताको सार्वभौम अधिकारको अभ्यास यही प्रक्रियाबाट सम्भव हुन्छ।निर्वाचन आयोगले तोकेको मितिमा चुनाव सम्पन्न गर्नु संवैधानिक दायित्व मात्र होइन, राजनीतिक स्थायित्वको आधार पनि हो । राज्यले सुरक्षा व्यवस्थादेखि मतपत्र छपाइ, कर्मचारी परिचालनदेखि मतदाता शिक्षासम्म अर्बौं रुपैयाँ खर्च गरिसकेको छ । तयारी तीव्र गतिमा अघि बढिरहेका बेला अनावश्यक शंका र अफवाह फैलाउनु जनविश्वास कमजोर बनाउने कार्य हो ।

कथंकदाचित २१ फागुनमा निर्वाचन हुन सकेन भने मुलुक गम्भीर संवैधानिक र राजनीतिक संकटमा फस्न सक्छ । शासन व्यवस्थाप्रति नागरिकको भरोसा डगमगाउनेछ, संक्रमणकालीन अन्योल लम्बिनेछ र त्यसको असर अर्थतन्त्रदेखि प्रशासनसम्म पर्न सक्छ । लोकतन्त्र कुनै अमूर्त आदर्श होइन, यो जनताको मतबाट स्थापित र सुदृढ हुने जीवित प्रणाली हो । निर्वाचन नहुने हो भने लोकतन्त्रको जग नै कमजोर हुन्छ ।

त्यसो त लोकतन्त्रकै नाममा लोकतन्त्रको जग कमजोर बनाउने मुकुण्डोधारीहरु पनि निर्वाचन लडिरहेका छन्। पहिचान भइसकेका यस्ता मुकुण्डोधारीलाई मतदाताले सबक सिकाउने माध्यम पनि निर्वाचन नै हो। त्यसैले पनि निर्वाचन हुनुपर्छ । तर निर्वाचनकै लागि निर्वाचनको भने कुनै अर्थ हुँदैन । निर्वाचनले मुलुकको संकट समाधान गर्न सक्नुपर्छ। मुलुकलाई संकटबाट निकास दिन सक्ने निर्वाचन नै वास्तवमा लोकतन्त्रको आत्मा हो । लामो समयदेखि तन्किँदै आएको अस्थिरता र अविश्वासको चक्रबाट बाहिर निस्कने बाटो निर्वाचन नै हो । परिणाम कसको पक्षमा आउँछ भन्नेभन्दा पनि प्रक्रिया निष्पक्ष, पारदर्शी र समयमै सम्पन्न हुने मुख्य कुरा हो । जनताको मतबाट आउने जनादेशले वर्तमान संकटको निकास दिन सक्छ, राजनीतिक स्थिरताको नयाँ आधार तयार गर्न सक्छ ।

त्यसैले अहिलेको आवश्यकता शंका होइन, सर्वपक्षीय सहभागिता हो । अफवाह होइन, जिम्मेवार अभिव्यक्ति हो । लोकतन्त्र जोगाउने सबभन्दा प्रभावकारी उपाय भनेकै समयमै सम्पन्न हुने विश्वसनीय निर्वाचन हो ।

## राशिफल

मेष - मान सम्मान बढ्नेछ ।
वृष - सहयोग प्राप्त हुने ।
मिथुन - चिन्ता बढ्ने ।
कर्कट - आम्दानी भन्दा खर्च धेरै हुने ।
सिंह - नजिकका साथीले धोका दिन सक्छ ।
कन्या - मान सम्मान बढ्ने ।
तुला - यात्राको योग छ ।
वृश्चिक - मान प्रतिष्ठामा आँच आउने ।
धनु - मुद्दा मामिलामा जित हुने ।
मकर - स्वास्थ्यमा समस्या हुने ।
कुम्भ - नयाँ अवसर प्राप्त हुनेछ ।
मिन - प्रियसी मिलन हुने ।

मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

महोत्तरी, नेपाल

## सार्वजनिक निजी साझेदारी मोडेलमा कस्टम हायरिङ्ग सेन्टर स्थापनाको लागि प्रस्ताव आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८२।११।१३ गते*

यस कृषि ज्ञान केन्द्र, महोत्तरीको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **सार्वजनिक निजी साझेदारी मोडेलमा कस्टम हायरिङ्ग सेन्टर स्थापना कार्यक्रम** संचालन गर्नु पर्ने भएकोले जिल्ला भित्रका इच्छुक **स्थानीय तह/कृषि सहकारी/कृषिजन्य उद्योगहरु**ले यस कृषि ज्ञान केन्द्रमा यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन भित्र अर्थात मिति २०८२।१२।१२ गते कार्यालय समय भित्र तपसिल बमोजिमका कागजातहरु फाइलमा संलग्न राखी प्रस्ताव/आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका, फारममा आवश्यक विवरण उल्लेख नभएका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्ताव/आवेदन फारमयस कार्यालयको वेबसाईट https://akcmahottari.p2.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ ।

**आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

- रु १० को हुलाक टिकट टाँस गरेको कार्यालयले निर्दिष्ट गरेको निवेदन फारम ।
- कृषि सहकारी तथा उद्योगको हकमा दर्ता नविकरण, स्थायी लेखा नं.(PAN), पछिल्लो दुई आर्थिक वर्षको लेखा परिक्षण र २०८१/८२ को कर चुक्ता भएको प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषि सहकारी/उद्योगको हकमा आवेदन दिने अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी तथा अख्तियारी पत्र ।
- सहकारी संस्थाको हकमा संचालक समितिको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी र आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणीको निर्णयको प्रतिलिपी स्वयं प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
- कस्टम हायरिङ्ग सेन्टर स्थापनाको लागी कम्तीमा ५ कठ्ठा जग्गा आफ्नै वा सो नभए १५ वर्ष अवधिको प्रचलित कानुन बमोजिम भाडामा लिएको आधिकारिक कागजातहरु, जग्गाधनिको लालपुर्जा र नक्साको प्रमाणित प्रतिलिपीहरु ।
- कस्टम हायरिङ्ग सेन्टरको प्रस्ताव उद्देश्य र औचित्य तथा माग गरेको कृषि औजार/यन्त्र/उपकरणहरुको प्रविधिक कृषि ईन्जिनियर वा मेकानिकल ईन्जिनियरबाट तयार गरिएको स्पेशिफिकेशन सहित कुल लागत ईष्टिमेट र साझेदारी अंशको स्रोत समेत खुलाउनु पर्नेछ ।
- स्थानिय तह वा कृषिजन्य उद्योगको हकमा अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी ।
- कस्टम हायरिङ्ग सेन्टरको संक्षिप्त विवरण सहित प्रस्तावित जग्गामा स्वीकृती दिईएको व्यहोरा खुलेको स्थानिय तहको सिफारिश पत्र ।
- समान प्रकृतिको कार्यको लागी यस निकाय वा अन्य कुनै निकायबाट गत वर्ष वा विगतका वर्षहरुमा अनुदान नलिएको स्व-घोषणा पत्र ।
- कस्टम हायरिङ्ग सेन्टर छनौटको लागि कृषकहरुलाई पायक पर्ने ठाउँ/स्थल, चारैतिर तारवार वा पर्खालले घेरिएको/सुरक्षा बन्दोबस्त भएको, यन्त्र/उपकरण राख्ने सेड भएको, यन्त्र/उपकरणहरुको सहज आवागमन हुन सक्ने र विद्युतको उपलब्धता भएको हुनुपर्नेछ ।
- सहकारी संस्थाको पदाधिकारीहरुको हालसालै खिचेको प्रष्ट फोटो, तीन पुस्ते विवरण र सम्पर्क नम्बर ।
- प्रस्तावित स्थलमा कस्टम हायरिङ्ग सेन्टर स्थापना गर्नुको आवश्यकता र औचित्य खुलेको सम्बन्धित स्थानीय तहको छुट्टै सिफारिश पत्र र अन्य पुष्टयाई कागजातहरु ।

**अनुदानका शर्तहरु :**

क) कृषि सहकारी तथा कृषिजन्य उद्योगको हकमा प्रचलित कानुन अनुसार दर्ता भई कृषकहरुबाट बाली उत्पादन गराई खरिद कार्य गरिरहेको सहकारी संस्था/फर्म, उद्योग, कम्पनी ।
ख) कृषकहरुलाई सकभर पायक पर्ने स्थानमा कस्टम हायरिङ्ग सेन्टर स्थापनाका लागि आवश्यकघर/टहरा र जग्गा सम्वन्धित प्रस्तावकले उपलब्ध गराउनु पर्नेछ ।
ग) कस्टम हायरिङ्ग सेन्टर स्थापना गर्ने प्रस्तावित जग्गा प्रस्तावकको स्वामित्वको हुनु पर्नेछ। सो नभएमा कम्तिमा १५ वर्ष अवधिका लागि प्रचलित कानुन बमोजिम भाडामा लिएको हुनु पर्नेछ ।
घ) कृषि यन्त्रहरुको मर्मत सम्भारको लागि दक्ष जनशक्ति तथा सुरक्षा बन्दोबस्त अनुदानग्राहीले गर्नुपर्नेछ ।
ङ) गत आ.व.मा अनुदान नपाएका उन्नत प्रविधि अवलम्बन गरेको, व्यवसायिक खेती गर्ने बढी लागत सहभागिता भएको व्यक्ति/संस्थालाई प्राथमिकता दिइने छ ।
च) म्याद नाघी प्राप्त भएका, झुट्ठा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन रद्द हुनेछ तथा त्यसको जिम्मेवार आवेदक स्वयं हुनेछ ।
छ) छोटो सुचीमा नपरेका/रित नपुगेका प्रस्तावहरु छनौटका लागि समावेश/स्थलगत निरीक्षण गरिने छैन ।
ज) अधिकतम् अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६र कस्टम हायरिङ्ग सेन्टर स्थापना तथा संचालन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन कार्यविधि, २०८१ मा व्यवस्था भए वमोजिम कायम हुनेछ ।
झ) प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासाग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
ञ) प्रस्ताव छनौट तथा सम्झौताको चरणमा आवश्यक थप कागजातहरु माग गरेमा आवेदकले पेश गर्नु पर्नेछ। ती कागजातहरु बुझाउन नसके छनौट/सम्झौता गरिने छैन ।

***नोट :-* विस्तृत जानकारीको लागि यस कार्यालयको सुचना अधिकारी श्री अबिरल कुमार महतो कुशवाहा (९८५४०३२२४६) वा कृषि ज्ञान केन्द्र, महोत्तरीमा सम्पर्क गर्न सकिनेछ । आवेदन फारमको ढाँचा यस कार्यालयको वेवसाईट https://akcmahottari.p2.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ ।**

# चुनाव नजिकिँदा मधेशमा बढेको...

खाउँछन् ।

चालु आर्थिक वर्षको पहिलो छ महिनामा प्रदेशभर ५६ जनाको हत्या भएको तथ्यांक सार्वजनिक भएको छ । जिल्लागत रूपमा सप्तरीमा सबैभन्दा बढी १३, सिरहा र धनुषामा ९-९, रौतहटमा ८, महोत्तरी र सर्लाहीमा ४-४ तथा बारा र पर्सामा ३-३ हत्या भएका छन् । औसत रूपमा महिनामा झन्डै १० हत्या हुनु प्रदेशको शान्ति सुरक्षाका लागि चिन्ताजनक मानिएको छ । निर्वाचन घोषणा भएयता हत्या दरमा वृद्धि देखिनुले राजनीतिक संवेदनशीलता थपिएको विश्लेषण गरिएको छ ।

माघ मसान्तसम्म प्रदेशभर चोरीसम्बन्धी ३४३ मुद्दा दर्ता भएका छन् । तीमध्ये अधिकांश फछ्र्योट भएको दाबी गरिए पनि करिब ५० मुद्दा अझै अनुसन्धानकै चरणमा छन् । ५८३ अभियुक्तमध्ये ३८५ पक्राउ परेका छन् भने १९८ फरार छन् । एक तिहाइभन्दा बढी अभियुक्त नियन्त्रण बाहिर रहनुले अनुसन्धान तथा खोजी प्रणालीको प्रभावकारितामाथि प्रश्न उठाएको छ ।

विशेषगरी सीमावर्ती जिल्लामा फरार अभियुक्तको संख्या बढी रहेको तथ्यांकले सीमा सुरक्षा प्रभावकारी नभएको आशंका जन्माएको छ । प्रदेशका आठै जिल्ला भारतसँग जोडिएकाले अपराधपछि फरार हुने प्रमुख मार्ग सीमा क्षेत्र बन्ने गरेको सुरक्षा अधिकारीहरू स्वयं स्वीकार्छन् । सीमा निगरानी र आपराधिक गतिविधि नियन्त्रण सशस्त्र प्रहरीको जिम्मेवारी भए पनि अपराधीहरू सीमा पार गर्न सफल भएको आरोप लाग्दै आएको छ । तस्करी नियन्त्रणमा केन्द्रित हुँदा आपराधिक सञ्जाल नियन्त्रणमा अपेक्षित ध्यान नपुगेको आलोचना पनि हुँदै आएको छ ।

सुरक्षा निकायले सिसिटिभी विस्तार, रात्री गस्ती वृद्धि, समुदाय-प्रहरी सहकार्य र निगरानी प्रणाली सुदृढ बनाइएको दाबी गर्दै आएका छन् । तर दोहोरिएका साम्प्रदायिक झडप, बढ्दो हत्या र फरार अभियुक्तको संख्या हेर्दा यो जना कार्यान्वयनमै कमजोरी रहेको संकेत देखिन्छ ।

निर्वाचन अवधिमा सुरक्षा व्यवस्थापन राज्यको सबैभन्दा ठूलो परीक्षा मानिन्छ । मधेशमा देखिएको अपराध वृद्धि, साम्प्रदायिक तनाव र अनुसन्धानमा ढिलाइले सुरक्षा नेतृत्वको क्षमतामाथि प्रश्न उठाएको छ । विश्लेषकहरूका अनुसार सुरक्षा निकायबीच प्रभावकारी समन्वय, स्थानीय तहबाट पूर्वसूचना संकलन, सीमा निगरानी सुदृढीकरण र अनुसन्धान क्षमता मजबुत नबनाइए निर्वाचन अवधिमा जोखिम अझ बढ्न सक्छ ।

नागरिकलाई तथ्यांकको आश्वासनभन्दा व्यवहारिक सुधार चाहिएको छ । मधेश अहिले चुनावी तयारीसँगै सुरक्षा व्यवस्थापनको कठोर परीक्षणको चरणमा पुगेको देखिन्छ ।

# दुर्गा प्रसाईंलाई रिहा...

शमा उल्लेख छ । प्रसाईंबाट समाजमा तत्कालै कुनै गम्भीर क्षति वा खतरा हुने वस्तुनिष्ठ आधार नदेखिएको र कानुनको सामान्य प्रक्रियाबाट पनि अनुसन्धान गर्न सकिने अवस्थामा थुनालाई नै प्राथमिकता दिनु न्यायसंगत नहुने ठहर अदालतले गरेको छ ।

चौथो आधारमा पक्राउको कानुनी प्रक्रियामा त्रुटि भएको आदेशमा उल्लेख छ । बन्दीप्रत्यक्षीकरणको निवेदनमा दाबी गरिए अनुसार, पक्राउ गर्दा र म्याद थप गर्दा अपनाइएको प्रक्रियामा संवैधानिक र कानुनी हकको पूर्ण पालना नभएको संकेत अदालतले गरेको छ ।

प्रसाईंका तर्फबाट उमा प्रसाईंले दायर गरेको रिटमा अदालतले यस्तो फैसला सुनाएको हो । प्रसाईंलाई नेपाल प्रहरीको जिल्ला प्रहरी परिसर, काठमाडौंले विभिन्न आरोपमा पक्राउ गरी हिरासतमा राखेको थियो । उनीमाथि सार्वजनिक शान्ति विरुद्धको कसुर, भ्रामक अफवाह फैलाएको र निर्वाचन आचारसंहिता उल्लंघन गरेको जस्ता आरोप लगाइएको थियो ।

सुनुवाइका क्रममा निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ताहरू शम्भु थापा, बालकृष्ण न्यौपाने, रमण कुमार श्रेष्ठ, अधिवक्तारू विकास भट्टराई, कीर्तिनाथ शर्मा पौडेल लगायतले बहस गर्नुभएको थियो भने सरकारका तर्फबाट सहन्यायाधिवक्ताले बहस गरेका थिए ।

अदालतले प्रसाईंलाई थुनामा राखिरहनु पर्ने पर्याप्त आधार र कारण नदेखिएको भन्दै तत्काल थुनामुक्त गर्न आदेश जारी गरेको हो । यद्यपि, उनी विरुद्धको अनुसन्धान भने कानुन बमोजिम जारी रहने आदेशमा उल्लेख छ ।

# सार्वजनिक शिक्षा सङ्कटमा...

प्रणालीलाई वर्गीय रूपमा विभाजित गर्दै सामाजिक असमानता बढाउने खतरा सिर्जना गरेको छ ।

यसको अर्थ सार्वजनिक शिक्षामा उपलब्धि छैन भन्ने होइन । पछिल्ला दशकमा विद्यालय पहुँच उल्लेखनीय रूपमा विस्तार भएको छ । आधारभूत तहमा भर्ना दर बढेको छ र बालिका शिक्षामा सुधार सकारात्मक सङ्केत हो । दलित, जनजाति, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि लक्षित छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक वितरण, दिवा खाजा कार्यक्रम र दुर्गम क्षेत्रमा विद्यालय स्थापना जस्ता पहल राज्यका महत्त्वपूर्ण उपलब्धि हुन् । यी कार्यक्रमले विद्यालय भर्ना र निरन्तरतामा योगदान पुऱ्याएका छन् । तर पहुँच विस्तारले गुणस्तरको प्रश्नलाई ओझेलमा पारेको छ । अझै पनि ठूलो सङ्ख्यामा बालबालिका विद्यालयको पहुँचबाहिर छन् । कतै विद्यालयमा विद्यार्थी सङ्ख्या अत्यन्त न्यून छ भने कतै एकै कक्षामा अत्यधिक चाप छ । शिक्षक व्यवस्थापन असन्तुलित छ– कतै शिक्षक अभाव छ, कतै आवश्यकताभन्दा बढी शिक्षक कार्यरत छन् ।

दैनिक रूपमा विद्यालय सञ्चालनका लागि आवश्यक न्यूनतम खर्च पर्याप्त नपाउँदा धेरै सामुदायिक विद्यालय कठिन परिस्थितिमा छन् । भौतिक पूर्वाधार कमजोर छ; प्रयोगशाला, पुस्तकालय, खेलमैदान र सूचना प्रविधिमा पहुँच सीमित छ । कक्षाकोठामा सिकाइ उपलब्धि अपेक्षित स्तरमा नपुग्नु सार्वजनिक शिक्षाको दीर्घकालीन समस्या बनेको छ । माध्यमिक तहका परीक्षाफलले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरप्रति उठेका प्रश्नलाई थप गहिरो बनाएको छ । यसै कारणले अभिभावक आफ्ना सन्तानलाई निजी विद्यालयतर्फ पठाउन बाध्य छन् । यसले शिक्षा प्रणालीमा आर्थिक हैसियतका आधारमा अवसर विभाजन गने अवस्था सिर्जना गरेको छ, जुन सामाजिक न्यायको दृष्टिले गम्भीर चुनौती हो । सार्वजनिक शिक्षा कमजोर देखिनुका कारण बहुआयामिक छन् । शिक्षा नीति बारम्बार परिवर्तन हुन्छ, तर दीर्घकालीन दृष्टि र निरन्तरता देखिँदैन । सङ्घीय शासन प्रणालीपछि शिक्षा व्यवस्थापनको अधिकार बाँडिए पनि स्पष्ट कार्यविभाजन र प्रभावकारी समन्वयको अभाव छ । नीति निर्माण र कार्यान्वयनबीचको दूरीले विद्यालय प्रशासन, शिक्षक व्यवस्थापन र गुणस्तरमा नकारात्मक असर पारेको छ ।

शिक्षक व्यवस्थापनमा राजनीतिक हस्तक्षेप अर्को गम्भीर समस्या हो । शिक्षक नियुक्ति, सरुवा र बढुवामा योग्यता र कार्यसम्पादनभन्दा पहुँच हावी हुँदा शिक्षण पेसाको गरिमा कमजोर भएको छ । शिक्षक तालिम कार्यक्रम धेरैजसो औपचारिकतामा सीमित छन्, जसको प्रभाव कक्षाकोठाको सिकाइमा देखिँदैन । शिक्षकलाई परिवर्तनको संवाहक होइन, केवल कर्मचारीका रूपमा हेर्ने प्रवृत्तिले सार्वजनिक शिक्षाको आधार कमजोर बनाएको छ ।

अझ गम्भीर पक्ष के हो भने शिक्षकहरूको मनोबल घट्दै गएको छ । बढुवा, सरुवा र तालिममा पारदर्शिता नभएकाले अनुभवी शिक्षकहरू पेसाबाट टाढा भएका छन् । कतिपय विद्यालयमा शिक्षक अभावका कारण एकै शिक्षकले दुई-तीन कक्षा पढाउने बाध्यता छ, जसले विद्यार्थीको सिकाइ गुणस्तरमा प्रत्यक्ष असर गर्छ । यसैबीच सार्वजनिक विद्यालयप्रतिको सामाजिक धारणा पनि खस्कँदै गएको छ । धेरै अभिभावक सार्वजनिक विद्यालयलाई अन्तिम विकल्पका रूपमा हेर्न थालेका छन् । नीति-निर्माता, उच्चपदस्थ अधिकारी र प्रभावशाली वर्गले आफ्ना सन्तान निजी विद्यालयमा पढाउने प्रवृत्तिले सार्वजनिक शिक्षाप्रति अविश्वासको सन्देश दिएको छ । राज्य स्वयं आफ्ना विद्यालयप्रति विश्वस्त नदेखिँदा समाजबाट भरोसा अपेक्षा गर्नु कठिन हुन्छ ।

यद्यपि सार्वजनिक शिक्षा सुधार असम्भव छैन । सीमित स्रोत र कठिन परिस्थितिका बाबजुद उत्कृष्ट नतिजा हासिल गरेका सामुदायिक विद्यालयहरू उदाहरणका रूपमा छन् । ती विद्यालयमा सक्षम नेतृत्व, उत्तरदायी शिक्षक, सक्रिय समुदाय र पारदर्शी व्यवस्थापन निर्णायक बनेका छन् । यसले इच्छाशक्ति र सुशासन भए सार्वजनिक शिक्षा सुधार सम्भव छ भन्ने प्रमाणित गर्छ । सार्वजनिक शिक्षाको सबैभन्दा ठूलो शक्ति यसको समावेशी चरित्र हो । गरिब, ग्रामीण, सीमान्तकृत र अवसरबाट वञ्चित समुदायका बालबालिकाको भविष्य सार्वजनिक शिक्षासँग गाँसिएको छ । त्यसैले सार्वजनिक शिक्षा सुधार गर्नु केवल शैक्षिक विषय होइन; यो सामाजिक न्याय, समान अवसर र राष्ट्रिय विकाससँग प्रत्यक्ष जोडिएको प्रश्न हो । अब आवश्यक छ शिक्षालाई खर्च होइन, दीर्घकालीन लगानीका रूपमा हेर्ने दृष्टि । बजेट वृद्धि मात्र पर्याप्त छैन; त्यसको पारदर्शी, प्रभावकारी र परिणाममुखी उपयोग सुनिश्चित गर्नुपर्छ । शिक्षक व्यवस्थापनमा राजनीतिक हस्तक्षेप अन्त्य गरी योग्यता र कार्यसम्पादनमा आधारित प्रणाली लागू गर्नुपर्छ । विद्यालयको सिकाइ उपलब्धि र स्थानीय तहको जिम्मेवारी मापन गने स्पष्ट सूचक र कडा अनुगमन प्रणाली विकास गर्नु अपरिहार्य छ । सार्वजनिक शिक्षा सुधारका लागि अभिभावक, शिक्षक, स्थानीय तह र राज्य सबैको सक्रिय सहभागिता अपरिहार्य छ । शिक्षकले शिक्षणलाई केवल रोजगारी नभई पेसागत र सामाजिक दायित्वका रूपमा लिनुपर्छ । विद्यालय नेतृत्व र व्यवस्थापन समितिले विद्यालयलाई प्रशासनिक एकाइ मात्र होइन, सिकाइको केन्द्रका रूपमा विकास गर्नुपर्छ । अभिभावक र समुदायको सहयोगबिना सार्वजनिक शिक्षा सुदृढ हुन सक्दैन ।

अन्ततः सार्वजनिक शिक्षा नेपालको भविष्य निर्माणको आधार हो । यदि राज्य, शिक्षक, अभिभावक र समाजले आआफ्नो भूमिका इमानदारीका साथ निर्वाह गर्न सके, बढ्दो बजेटसँगै सार्वजनिक शिक्षाप्रतिको भरोसा पनि पुनः स्थापित हुनेछ । यही भरोसाले मात्र समतामूलक र सक्षम समाज निर्माणको बाटो खोल्नेछ ।

(लेखक जनता नमुना मावि विराटनगरका प्रधानाध्यापक हुन् ।)

# प्रदेशका डीएफओलाई...

दिइएको छ ।

अदालतले राष्ट्रिय वन नीति जारी भएपछि सोही नीतिको आलोकमा विद्यमान वन ऐन, २०७६ का प्रावधानहरू संघीय संरचना, प्रदेशको कार्यकारिणी अधिकार तथा अन्तर-तहगत समन्वयको मर्मअनुकूल हुने गरी पुनरावलोकन र आवश्यक परिमार्जन गर्नसमेत संघीय सरकारलाई निर्देशन दिएको छ ।

यस फैसलालाई संघीय संरचनाअनुसार प्रदेशको अधिकार क्षेत्र स्पष्ट पार्ने महत्वपूर्ण नजीरका रूपमा हेरिएको कानुन व्यवसायीहरु बताउँछन् ।

# निर्वाचन खर्च...

जनाले बैंक खाता खोल्न सिफारिस लिइसकेका भए पनि अधिकांशले खाता खोलेर विवरण बुझाउन ढिलाइ गरिरहेका छन् ।

कोलेनिका प्रमुख पौडेलका अनुसार उम्मेदवारहरूलाई बैंक खाता खोल्न बारम्बार फोनमार्फत स्मरण गराइँदै आएको छ ।




"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
☏ ९८४४३१२२४६

डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# जेनजी परिषद् गठन गर्ने सरकारको निर्णय

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, फाल्गुन १२ गते ।*



सरकारले जेनजी परिषद् गठन गर्ने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको सरकारका प्रवक्ता ओमप्रकाश अर्यालले जानकारी दिए । त्यस्तै सरकारले वैशाख १ देखि चैत मसान्तसम्म एक वर्षभरि दिइने सार्वजनिक बिदा निर्धारण गर्ने निर्णय पनि गरेको छ। प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को सन्दर्भमा फागुन २० गतेदेखि २२ गतेसम्म तीन दिन मुलुकभर सार्वजनिक बिदा दिने निर्णय पनि सरकारले गरेको छ।

त्यसैगरी प्रतिनिधिसभा निर्वाचनका लागि चीन सरकारबाट प्राप्त हुने प्रस्तावित ४ मिलियन अमेरिकी डलर बराबरको नगद अनुदान सहायता स्वीकार गर्ने निर्णय पनि भएको छ।

चालु आर्थिक वर्षको विनियोजित बजेट तथा कार्यक्रममा उल्लेख भए बमोजिम बुढीगण्डकी जलाशय युक्त जलविद्युत आयोजनाको वित्तीय लगानी ढाँचा स्वीकृत गर्ने, काठमाडौँ जिल्ला अदालतका जिल्ला न्यायाधीश डाक्टर दिवाकर भट्टलाई काठमाडौँ जिल्ला अदालतको कामसमेत हेर्नेगरी उपभोक्ता अदालत काठमाडौँको अध्यक्ष तोक्ने र बिमा ऐन २०७९ को दफा १४० बमोजिमको कसुर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न जिल्ला अदालतलाई तोक्ने निर्णय पनि सरकारले गरेको छ।

# चुनाव नजिकिँदा मधेशमा बढेको सुरक्षा संवेदनशीलता



**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, फाल्गुन १२ गते ।*

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा मधेश प्रदेशमा बढ्दो हत्या, साम्प्रदायिक झडप र गोलीकाण्डका घटनाले सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न खडा गरेको छ । चुनावी माहोल तातेका बेला शान्ति सुरक्षाको अवस्था कस्तो रहला भन्ने चिन्ता सर्वसाधारणदेखि विश्लेषकसम्ममा देखिएको छ ।

पछिल्ला साताहरूमा प्रदेशका विभिन्न जिल्लामा भएका आपराधिक तथा साम्प्रदायिक घटनाले निर्वाचन अवधिमा नागरिकले भयमुक्त वातावरण पाउने कि नपाउने भन्ने बहसलाई तीव्र बनाएको छ । सुरक्षा निकायले विशेष सुरक्षा योजना लागू गरिएको, गस्ती बढाइएको र सीमावर्ती क्षेत्रमा निगरानी कडा पारिएको दाबी गरिरहेका छन्। तर मैदानमा देखिएका घटनाक्रमले सुरक्षा संयन्त्रको प्रभावकारितामाथि नै प्रश्न उठाएको छ।

प्रदेशको सुरक्षा संयन्त्र संघीय सरकारअन्तर्गतका तीन प्रमुख निकाय–नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभाग–को नेतृत्वमा सञ्चालन हुँदै आएको छ । आठ जिल्लाको करिब ६३ लाख जनसंख्याको सुरक्षा, अपराध नियन्त्रण र निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गराउने जिम्मेवारी यिनै निकायमा छ। तर सुरक्षा विज्ञहरूका अनुसार नेतृत्व तहबीचको समन्वय, पूर्वसूचना संकलन प्रणाली र अनुसन्धान क्षमतामा देखिएको कमजोरीले जोखिम बढाएको संकेत मिलेको छ।

फागुनको पहिलो सातादेखि नै प्रदेशका विभिन्न जिल्लामा तनावपूर्ण घटनाहरू देखिन थालेका छन् । रौतहटको गौरमा सामान्य विवादबाट सुरु भएको दुई समुदायबीचको झडप दंगामा परिणत हुँदा जनधनको क्षति भयो र प्रशासनले कर्फ्यु लगाउनुपर्‍यो । त्यसको केही दिनपछि वीरगञ्जको श्रीपुर क्षेत्रमा पुनः समुदायबीच झडप भई रातभर तनाव फैलियो। सम्भावित तनावको सूचना समयमै संकलन र समन्वय हुन नसकेको भन्दै सुरक्षा संयन्त्रको आलोचना भइरहेको छ।

यसैबीच, सर्लाहीको मलंगवामा एक सरकारी प्राविधिकमाथि गोली प्रहार गरी हत्या गरिएको घटना सुरक्षा अवस्थाको गम्भीर संकेतका रूपमा हेरिएको छ । घटनास्थल जिल्ला प्रहरी कार्यालय नजिकै रहेको तथ्यले सुरक्षा व्यवस्थामाथि थप प्रश्न उठाएको छ।

रौतहटमै एक युवती आफ्नै कोठामा मृत फेला परेकी छन् भने सिरहामा दिउँसै खेतमा काम गरिरहेका व्यक्तिमाथि गोली चलाइएको छ। यी घटनाले ग्रामीण क्षेत्रमा समेत सुरक्षा चुनौती फैलिएको दे

- बाँकी पृष्ठ ३ मा

# निर्वाचन खर्च पारदर्शितामा बेवास्ता

## अधिकांश उम्मेदवारले अझै खोलेनन् बैंक खाता

**द पब्लिक टुडे समाचारदाता**

*सर्लाही, फाल्गुन १२ गते ।*




आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन नजिकिँदै जाँदा सर्लाहीका उम्मेदवारहरू निर्वाचन खर्च व्यवस्थापनसम्बन्धी नियम पालना गर्न उदासीन देखिएका छन् । प्रचार प्रसारका लागि छुट्टै बैंक खाता खोल्नुपर्ने व्यवस्था भए पनि अधिकांश उम्मेदवारले हालसम्म खाता खोलेको विवरण बुझाएका छैनन् ।

निर्वाचन आयोगको निर्देशनअनुसार निर्वाचन खर्च पारदर्शी बनाउन प्रत्येक उम्मेदवारले अलग बैंक खातामार्फत मात्र आम्दानी र खर्च गर्नुपर्नेछ । तर सर्लाहीमा कायम १३१ जना उम्मेदवारमध्ये सोमबारसम्म १९ जनाले मात्र बैंक खाता खोलेको प्रमाण पेस गरेका छन् ।

जिल्ला निर्वाचन अधिकारी ऋषिराम पौडेलका अनुसार सर्लाहीमा २६ राजनीतिक दल र स्वतन्त्र गरी कुल १३१ जनाको उम्मेदवारी दर्ता छ । तीमध्ये ७६

- बाँकी पृष्ठ ३ मा







पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री